नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
(समावेशी शिक्षा शाखा)
सानोठिमी, भक्तपुर

पत्र सङ्ख्याः २०८३/०८४ (समावेशी)
च.नं.: ३८०

फोन नं: ०१-६६३८८५३
Email-inclusivedoe@gmail.com/ies@cehrd.gov.np

मितिः २०८३/०८/११

विषयः लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय एकाइ,
७७ वटै ।

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद मन्त्रालयको च.न. ०६ मिति २०८३/०८/०८ को पत्रानुसार लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख २०२६, तदनुसार २०८३ मङ्सिर ९ गतेदेखि २४ गतेसम्म देशभर अन्तर्राष्ट्रिय नारा " Unite to End Violence against Women and Girls: Ensure justice, protect survivors, end impunity " र " लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता " भन्ने राष्ट्रिय नारा सहित विभिन्न कार्यक्रमका साथ मनाउने सन्दर्भमा प्राप्त पत्र यसैसाथ संलग्न रहेको छ ।उक्त पत्रमा उल्लेख भए अनुसारको कार्यक्रम गरी उक्त दिवस मनाउन सम्पूर्ण विद्यालयहरुलाई आवश्यक समन्वय/सहजीकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

.....
धर्मप्रसाद तिवारी
निर्देशक

CamScanner

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

प्रारम्भिक तथा समावेशी शिक्षा शाखा

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- २०८३।०८
चलानी नं.:- ७६९

मिति:२०८३।०८।०८

नेपाल संवत् ११४७

विषय: लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको समन्वय/सहजिकरण सम्बन्धमा ।

श्री शिक्षा विभाग

सानोठिमी, भक्तपुर ।

प्रस्तुत विषयमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ७८ मिति २०८३।०७।२० को पत्रानुसार लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख २०२६ (तदानुसार २०८३ मंसीर ९ गते देखि ऐ. २४ गते सम्म) देशभर अन्तर्राष्ट्रिय नारा "Unite to End Violence against Women and Girls: Ensure justice, protect survivors, end impunity" र "लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता: पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता" भन्ने राष्ट्रिय नारा सहित विभिन्न कार्यक्रमका साथ मनाउने सन्दर्भमा प्राप्त पत्र यसैसाथ संलग्न रहेको छ । उक्त पत्रमा उल्लेख भएअनुसारको कार्यक्रम गरी उक्त दिवस मनाउन सम्पूर्ण विद्यालयहरुलाई आवश्यक समन्वय/सहजीकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

तारा प्रकाश पुन
शाखा अधिकृत

फोन नं.:
वेबसाइट :

CamScanner

मिति २०८३/७/१९ बैठकको निर्णय

निर्णयहरुः

१. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका सन्दर्भमा नोभेम्बर २५ देखि डिसेम्बर १०,२०२६ (२०८३ मंसिर ९ गते देखि २४ गतेसम्म) लैङ्गिक हिंसा विरुद्धको अभियान कार्यक्रमको प्रचार प्रसार तथा content creation लागि सूचना तथा सञ्चार मन्त्रालयको लैङ्गिक सम्पर्क व्यक्तिको संयोजकत्वमा देहाय बमोजिमको प्रचार प्रसार तथा content creation उपसमिति गठन गरिनेछ ।

देहाय

- उपसचि, सूचना तथा सञ्चार मन्त्रालय — संयोजक
- प्रतिनिधि,महिला,बालबालिका तथा ज्येष्ट नागरिक सेवा निर्देशनालय, नेपाल प्रहरी — सदस्य
- प्रतिनिधि,सञ्चारीका समूह, — सदस्य
- प्रतिनिधि, राष्ट्रिय समाचार समिति — सदस्य
- प्रतिनिधि, नेपाल टेलिभिजन, — सदस्य
- प्रतिनिधि, रेडियो नेपाल, — सदस्य
- प्रतिनिधि, UN एजेन्सी, — सदस्य
- लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने संघसंस्थाहरु (साथी, हामीदाजुभाई,राधा फाउण्डेसशन, तरंगिनी फाउण्डेशन,मिडिया एडभोकेसी ग्रुप)सदस्य
- महिला विकास अधिकृत, लैङ्गिक हिंसा निवारण शाखा, म.वा.लै.तथा यौ.अ. रसा.सु मन्त्रालय — सदस्य- सचिव

कार्य क्षेत्र(TOR)

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा सम्बन्धमा content creation गर्ने।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा विभिन्न सञ्चार निकाय /सञ्चारकर्मी/मिडियाकर्मीसँग समन्वय सहकार्य गरी प्रचार प्रसार गर्ने।

२. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको नोभेम्बर २५ देखि डिसेम्बर १०,२०२६(२०८३ मंसिर ९ गते देखि २४ गतेसम्म) मनाउने सन्दर्भमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विभिन्न साझेदार निकायहरुसंगको समन्वयमा Talk show, स्थानीय तहका विद्यालयमा निबन्ध/हाजिरजवाफ प्रतियोगिता, अन्तर्क्रिया, नेपाल टेलिभिजन, रेडियो नेपाल लगायत विभिन्न सञ्चार माध्यमबाट सचेतनामूलक सामग्री तथा content create, प्रचारप्रसार, Social Media Campaign, विपद्को अवस्थामा हुने लैङ्गिक हिंसा रोकथाम लगायतका विषयमा छलफल गरी विभिन्न सरोकारवाला निकाय तथा विकास साझेदार लगायतका संघ संस्थाहरूसँग १६ दिने अभियानको अवधिमा गरिने कार्यक्रमको विस्तृत विवरण माँग गर्ने।

३. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको नोभेम्बर २५ देखि डिसेम्बर १०,२०२६(२०८३ मंसिर ९ गते देखि २४ गतेसम्म) मनाउन शिक्षा तथा खेलकुद मन्त्रालयमार्फत विद्यालयहरुमा लैङ्गिक हिंसा निवारण तथा सामाजिक जागरणका विषयमा सचेतनामुलक (निबन्ध प्रतियोगिता/वक्तृत्वकला/अन्य) कार्यक्रम गर्नका लागि अनुरोध गर्ने।

CamScanner

२वै.वि.मा. 369
०८३।०८।०८

नेपाल सरकार

महिला, बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

महिला सशक्तिकरण महाशाखा

(लैङ्गिक हिंसा निवारण शाखा)

फोन नं. ४२००५०२
gbvps.mowcsw@gmail.com

पत्र संख्या - २०८३/८४
च.नं. - लै.हि.नि.शा./ ६८

मिति: २०८३/०७/२०
नेपाल संम्वत ११४६

खेलकुद तथा विद्यालय शिक्षा महाशाखा

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

२१.१४४८
२०८३।८।३

विषय - लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको निर्णय पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख सम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वभर मनाउने गरिएको विषय विदितै छ। नेपालमा पनि विगतका वर्षहरु देखि नै उक्त अवधिमा विभिन्न सचेतनामूलक अभियानमूलक कार्यक्रमहरु सञ्चालन गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान दिवस मनाउने गरिएको छ।

यस सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७५/०७/२९ गतेको निर्णयानुसार नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख १६दिनसम्म सामाजिक सचेतना सहित लैङ्गिक हिंसा विरुद्धको अभियान सञ्चालन गर्न संघ, प्रदेश तथा स्थानीय तह लगाएत सरोकारवाला निकायहरु, विद्यालय, संघसंस्थाहरुलाई आह्वान गरी प्रत्येक वर्ष नोभेम्बर २५ तारिखलाई महिला हिंसा विरुद्धको अभियान दिवसको रुपमा मनाउदै आईरहेको व्यहोरा अवगत नै छ।

यस वर्ष पनि नोभेम्बर २५ देखि डिसेम्बर १० तारिख २०२६ (तदानुसार २०८३ मंसीर ९ गते देखि ऐ.२४ गते)सम्म लैङ्गिक हिंसा विरुद्धको १६दिने अभियानको अन्तर्राष्ट्रिय **"Unite to End Violence against Women and Girls: Ensure justice, protect survivors, end impunity"** र **"लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यबद्धता: पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता"** भन्ने राष्ट्रिय नाराका साथ उक्त अभियान मनाउने सम्बन्धमा मिति २०८३/७/१९ गतेको निर्णयको प्रतिलिपि यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ।

ममता विष्ट
प्रमुख महिला विकास अधिकृत

दर्ता नं.:- २११५
मिति:- २०८३।०८।०३

०८-०३